# मनहरी गाउँपालिका

## आर्थिक वर्ष २०७४/७५

## को

## नीति तथा कार्यक्रम र बजेट वक्तव्य

सभाअध्यक्ष महोदय

नेपाली जनताको बलिदानीपूर्ण ईतिहासबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले परिवर्तनको अनुभूति गर्ने चरणमा रहेका हामी सामू संघीयता कार्यान्वयनका अवसर तथा चुनौती दुवै रहेको छ । विगतको एकात्मक तथा केन्द्रीकृत राज्य सत्ताबाट जनताले आमूल परिवर्तनको महशुस गर्न नसकिरहेको सन्दर्भमा विभिन्न चरण पार गर्दै नेपालको संविधान अनुसार तीन तहको सरकार मध्ये जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकारको बजेट तथा कार्यक्रम आफैले बनाउने यस गरिमामय सभामा हामी रहेका छौ ।

नेपाल सरकार मन्त्री परिषद्को मिति २०७३/११/२२ को निर्णयानुसार साविकका मनहरी र हाँडिखोला गाउँ विकास समिति मिलेर बनेको यस मनहरी गाउँपालिकाको गरिमामय पहिलो सभामा आर्थिक वर्ष २०७४/७५ को नीति कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा गर्ववान्वित महशुस गरेको छु । यस गौरवपूर्ण अवसरमा राष्ट्र निर्माणका खातिर जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

मनहरी गाउँपालकाको आ.ब. २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक "स्थानीय तहको आर्थिक विधेयक" सम्मानीत सभा सामु पेश गरेको छु । त्यस्तै मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा "स्थानीय तहको विनियोजन विधेयक" समेत सम्मानित सभा सामु पेश गरेको छु ।

संविधान बमोजिम स्थानीय सरकारको पहिलो ऐतिहासिक निर्वाचन पश्चातको जनप्रतिनिधिहरु सामु जनताको अनेकौ अपेक्षा रहेको सन्दर्भमा जनअपेक्षा र चाहनालाई मूलमर्म मानेर वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु । निर्वाचन पश्चात राजनीतिक नेतृत्व प्रति जनताको प्राप्त अतुलनिय विश्वासलाई आर्थिक सामाजिक रुपान्तरण गरी समृद्ध गाउँपालिका निर्माण गर्ने दिशामा केन्द्रीत गराउन हाम्रो दायित्व समेत सिर्जना भएको छ ।

**"कृषि, पर्यटन, बन वातावरण र व्यापार, मनहरी समृद्धीको मूल आधार"** भन्ने दिर्घकालिन सोच राखी सोही बमोजिमका कार्यक्रमहरु तय गरेको छु । नेपाल सरकारका लक्ष्य तथा नीतिहरु, चौधौं योजनाका परिलक्षित उदेश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गर्न आर्थिक तथा सामाजिक लाभ लिन सकिने योजना, तथा समुदायमा आधारित परियोजनामा ध्यान दिएको छु ।

साविकका मनहरी गाउँ विकास समिति र हाँडिखोला गाउँ विकास समिति मिलेर बनेको यस मनहरी गाउँपालिकाको कृषि, पर्यटन, उद्योग कलकारखाना तथा वाणिज्य क्षेत्रमा प्रचुर सम्भावना रहेको पाईन्छ । यी क्षेत्रको समग्र विकास गर्ने तर्फ लाग्नु मनहरी गाउँपालिकाको प्राथमिकता रहेको छ ।

सभाध्यक्ष महोदय,

यस गाउँपालिकाका आर्थिक विकासका प्रशस्त सम्भावनाका विच आर्थिक, सामाजिक विकासमा केही चुनौति पनि देखिएका छन् । संघीयता कार्यान्वयन पछिको पहिलो स्थानीय सरकार सामु संस्थागत क्षमता अभिवृद्धि, प्राविधिक पक्ष, स्रोत पाीरचालनको क्षमता अभिवृद्धि, ठूला प्रकृतिका आयोजना सञ्चालन तथा व्यवस्थापन, आन्तरीक स्रोतको अभिवृद्धि, भूकम्प पछिको पुनर्निमाण लगायतका चुनौतीहरु बीच समृद्धिको ढोका खोल्नु पर्ने देखिन्छ ।

यिनै सम्भावना र चुनौति विच आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु जसका उद्देश्य आर्थिक, सामाजिक तथा समन्यायीक विकास सहित मनहरीलाई समृद्ध बनाउनु रहेको छ ।

माथिका लक्ष्य तथा उद्धेश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम, प्राथमिकता तथा बजेट प्रस्तुत गर्न गईरहेको छु ।

## १. आर्थिक विकास

### १.१ कृषि तथा पशुपालन

- स्थानीय सम्भावना अध्ययन गरी एक वडा एक उत्पादन (One Ward One Product) को कार्यक्रम अगाडी बढाईने छ ।
- आधुनिक मूल विउ आयात दरलाई प्रतिस्थापन गर्न स्थानीय स्तरमा सम्भावनाको अध्ययन गरी विउ उत्पादन तथा प्रशोधनको कार्यलाई अगाडी बढाईने छ ।
- तरकारी, माछा र मह जस्ता तुलनात्मक लाभ भएका वस्तुको उत्पादन तथा व्यवसायीकरणलाई प्रोत्साहन गर्दै कृषि जन्य पदार्थ सङ्कलन केन्द्र क्रमश निर्माण गर्दै लगिने छ ।
- कृषि सडक एवम् पुलपुलेसाहरुको निर्माणमा जोड दिनुका साथै सम्भावित स्थानहरुमा शित भण्डार तथा संकलन केन्द्रहरु निर्माण गरी कृषिलाई उद्यम र यूवालाई उद्यमीको रुपमा विकास गर्न आवश्यक कदम चालिनेछ ।

### १.२ सहकारी

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ ।
- सरकार-सहकारी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन हुने स्थानीय विकास निर्माण र सामाजिक सेवा प्रवाहका सूचनामुलक कार्यहरु स्थानीय सहकारी संघ संस्थाहरु मार्फत सञ्चालन गरिनेछ ।

- चक्लाबन्दी प्रणालीको सहकारी सामूहीक खेतीमा युबा समूहको सकृयता बढाई अनुदान मार्फत उधमी लाई लाभान्वित गर्ने बाताबरण बनाईने छ ।
- सहकारी मार्फत सिपमुलक, ब्यवसायमुलक तालीम सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक निर्माणमा जोड दिइने छ ।
- विषय मिल्ने सहकारीहरुको एकिकरणलाई प्रोत्साहीत गरीनेछ ।
- कृषि उत्पादनलाई मुल्य श्रृखंलाका लागी वजारीकरणको ब्यवस्थालाई जोड दिईनेछ ।

## १.३ घरेलु तथा साना उद्योगको विकास

- बजार सम्भाब्यताको आधारमा स्थानीय कच्चा पदार्थको सदुपयोग गरी मूल्यअभिबृद्धि हुने खालका उत्पादनमूलक उद्योग स्थापना र प्रबर्द्धनमा जोड दिईनेछ ।
- परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।

## १.४ पर्यटन विकास

- पर्यटकिय गुरु योजना तयार गरी पर्यटनका सम्भाव्य क्षेत्रहरु पहिचान गरी क्रमश विकास गर्दै लगिने छ ।
- रमौली, पर्तापुर, सुनाचुरी मनहरी पिसपार्क, गोगनपानी भ्युटावर, भिमान सहिदपार्क क्षेत्रलाई पर्यापर्यटन क्षेत्रको रुपमा बिकास गर्ने कार्यको थालनि गरिने छ ।

# २. पूर्वाधार विकास

## २.१ सडक

- गाउँपालिका सडक यातायात गुरु योजना तयार गरी सो योजनाले निर्दिष्ट गरेका सडकहरुमा लगानी गरिने छ ।
- गाउँपालिका भित्रका सडकहरुलाई कम्तिमा पनि क, ख र ग वर्गमा वर्गीकरण गरी क्रमशः १२, ८ र ६ मिटर चौडा कायम गरिने छ साथै क र ख वर्गका सडक वाह्रै महिना सञ्चालन गरिने छ ।
- हरित सडकको अवधारणालाई कार्यान्वयन गर्दै सडकहरुको दायाँ बायाँ  वृक्षारोपण गर्दै लगिने छ ।
- नगद जनसहभागितामा आधारित आयोजनाहरुमा प्राथमिकता दिईने छ । लागत सहभागिता अभिवृद्धिको लागि समपूरक कोषको व्यवस्था गरिने छ । वस्ती स्तरका सडकहरुमा स्ल्याव

ढलान तथा कालोपत्रे गर्ने कार्यको लागि कम्तिमा ४० प्रतिशत जनसहभागिता जुटेमा प्राथमिकताका आधारमा समपूरक कोषबाट जुनसुकै बेला लगानी गरिने छ ।

## २.२ खानेपानी तथा सरसफाई

- हरेक वडामा कम्तीमा १/१ वटा बृहतर नमूना खानेपानी आयोजनाको शुरुवात गरिने छ ।
- मनहरी गांउपालीकालाई पूर्ण सरसफाई युक्त पालिका बनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहाकार्य गरी पूर्ण सरसफाईका पाँच प्लस एक सूचकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन यसै बर्षबाट थालनी गरीन्छ ।
- ल्याण्डफिल साईड निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

## २.३ सिचाईं

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी जनसहभागितामा आधारित सिचांई आयोजनाहरु सञ्चालन गरिनेछ ।
- निर्माणाधिन सिचाईं आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत सम्भारमा विशेष जोड दिइनेछ ।

## २.४ विद्युतिकरण एवं वैकल्पिक उर्जा

- विद्युतको राष्ट्रिय प्रशारण लाईन पुगेर  जिर्ण संरचना रहेका स्थानहरुको सुदृढिकरण गर्दै लगिने छ । यसै वर्ष भित्रै विद्युत प्राधिकरण संगको सहकार्यमा काठका पोलहरु प्रतिस्थापन गरिने छ । वडाहरुमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहित  गरिनेछ ।
- “घर भित्रको वायु प्रदुषण मुक्त” गाउपालिका घोषणा गर्ने अभियानको थालनि गरिने छ ।

## २.५ खेलकुद तथा अन्य पूर्वाधार

- रमौली पर्तापुरमा  एक क्षेत्रीय स्तरको रङ्गशाला निर्माणका लागि प्रकृया अगाडि वढाईनेछ ।
- मनहरी गोल्डकप फुटबल प्रतियोगिता घोषणा गरी यसै बर्षदेखि प्रतियोगिता थालनी गरिने छ ।
- सार्वजनिक पार्क स्थापना, संरक्षण र सञ्चालन गर्ने कार्यलाई वढावा दिई गाउपालिका  भित्रका व्यायाम केन्द्र तथा योग साधना केन्द्र निर्माण गर्न प्रयास गरिने छ ।
- गाउंपालिका क्षेत्रमा गांउसभागृह निर्माणको प्रक्रिया अगाडी बढाईने छ ।
- सवै वडाहरुमा क्रमश खेलमैदान निर्माण गर्दै लगिनेछ ।

## ३. बातावरण तथा विपद व्यवस्थापन

## ३.१ वन, वनस्पति, भूसंरक्षण र वातावरण

- हरित सडक निर्माणका लागि सडकका दायां बाया बृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा अगाडी बढाइने छ।
- बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमुखि बनाउन सामूदायीक बन संग सहकार्य गरी बन कृषि कार्यको प्रबर्द्धन गरिने छ ।
- ऐलानी पर्ती सार्बजनिक जग्गाको संरक्षण गरिने छ। खाली जग्गामा बृक्षारोपण गरिने छ।
- बाताबरणमैत्री स्थानिय शासनलाई कार्यान्वयनमा क्रमश लगिने छ।
- स्थानिय क्रसर उद्योग लगायत उद्योगधन्दाहरुबाट निष्कने प्रदुषण नियन्त्रण गर्न उद्योगीहरु संगको सहकार्यमा कार्यक्रम अगाडी बढाईने छ।
- एक घर दुई (जडिबुटी/फलफूल) बिरुवा लागाउन प्रोत्साहन गरिने छ । स्थानीय जडिबुटी पहिचान गरी जडिबुटी उद्यान निर्माणमा जोड दिईने छ।
- बिपद व्यबस्थापन संग सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभाबकारी बिपद व्यबस्थापनको लागी कार्ययोजना बनाई लागू गरिने छ। सरोकारवालाहरु संग सहकार्य गरी चुरे संरक्षणमा ध्यान दिईने छ।
- गांउ स्तरीय बिपद व्यबस्थापन कोष स्थापना गरिने छ।

## ४. सामाजिक विकास

### ४.१ बस्ति तथा शहरी बिकाश

- भू उपयोग नीति तयार पारी व्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गरीने छ।
- सम्पूर्ण गांउपालिका क्षेत्रमा भबन निर्माण आचार संहिता कडाईका साथ लागू गरिने छ।
- गाउँपालिका क्षेत्रको कम्तिमा एक वस्तीलाई नमूना वस्तीको रुपमा अगाडी बढाईने छ।
- आफ्नो गाउँ आफै बनाउ नारालाई सार्थक बनाउन जोड गरिने छ।

### ४.२ शैक्षिक विकास कार्यक्रम

- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा उनिहरुको उपस्थीतिलाई निरन्तरता दिंदै शैक्षिक उपलब्धि वृद्धि गर्न आधारभूत तहको शिक्षालाई निशुल्क तथा अनिवार्य गराउने कार्यलाई तिव्रता दिईनेछ।
- सामूदायीक बिद्यालयहरुमा अंग्रेजी माध्ययमबाट अध्यापन गराउने कार्यमा प्रोत्साहन गरिने छ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख व्यवस्थापन गरिनेछ।

- सामुदायिक विद्यालयहरुलाई आन्तरीक श्रोतको खोजी गरी आत्मनिर्भर बनाउन जोड गरिने छ ।

## ४.३ स्वास्थ्य सेवा

- स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुँचयोग्य बनाउन गांउ क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको आवश्यकतानुसार सुविधायुक्त वनाउँदै लगिनेछ ।
- स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण सिर्जना गर्न निजी क्षेत्रको लगानीलाई आकर्षित गराइनेछ ।
- शिशु मृत्यु दर, वालमृत्यु दर र मातृ मृत्युदर घटाउने र महिलाको प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन प्राथमिकताको आधारमा वर्थिङ सेन्टर निर्माण गर्दै लगिनेछ ।
- महिला स्थास्थ स्वयं सेविकाहरुको सेवाको उचित मूल्यांकन गरिने छ ।
- सतप्रतिशत आमाहरुको प्रसुती स्वास्थ संस्थामा गराउने सुनिश्चितताका लागि यस वर्ष बोटे, बनकरीया, तथा दलित जातीका समूदायका महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा रु.१००० प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।
- बालबालिका हरुलाई खोपको पहुँच अभिवृद्धि गर्दै पूर्ण खोप गाउपालिका घोषणा भैसकेको संदर्भमा स्थायीत्व प्रदान गर्न घोषणा पश्चातकार्यका लागी गाउँघर खोप क्लिनिक कार्यकमलाई थप सुदृढ गरिनेछ ।
- समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाती तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकिकृत स्वास्थ्य सेवा कार्यकम सञ्चालन गरिनेछ । स्वास्थ्य बिमा कार्यलाई व्यापक बनाईने छ ।
- उपचारात्मकका साथै प्रवद्धनात्मक स्वास्थ सेवालाई अगाडी बढाईने छ ।

## ४.४ महिला

- सामाजिक कुरीति, चेलीवेटी वेचविखन, देह व्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि सामाजिक जागरण बढाउन सम्बन्धित निकायहरुसंग सहकार्य गरी कार्यक्रम अगाडी बढाईने छ ।
- महिलाहरुलाई व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीपमुलक तालिम कार्यक्रमका साथै अतिविपन्न सदस्यहरुलाई प्रविधि हस्तान्तरणको माध्यम बाट आत्मनिर्भरताका कार्यकमहरु सञ्चालन गरिनेछ ।

  घरेलु मदीरा उत्पादनमा महिला संलग्नतालाई निरुत्साहीत गरिने छ ।

## ४.५ वालवालिका

- बालमैत्री स्थानिय शासन  अनुरुप वालविकास, संरक्षण तथा वाल सहभागिताको सुनिश्चितताको लागि नमूना बालमैत्री विद्यालय एवम् समुदायको निर्माण गरिनेछ ।
- बालबालिकाहरुको मनोरञ्जनको लागि एक वडा एक बालमैत्री उद्यान कार्यक्रम क्रमश सञ्चालन गर्दै लगिने छ ।
- निकृष्ट बालश्रम मुक्त गांउपालिका बनाउन प्रयत्न गरिने छ ।
- बालबालिकाको सत प्रतिशत जन्मदर्ता समयमै गराउने वडालाई पुरस्कृत गर्ने कार्य गरिने छ ।

## ४.६ अपाङ्गता वा फरक क्षमता भएका नागरिक

- गाउपालिका क्षेत्रमा निर्माण गरिने सार्बजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरु सवैले परिचय पत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।
- अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई प्रबर्द्धन गर्न क्षमतामा आधारित तालिम संचालन गरिने छ ।
- फरका क्षमता भएका व्यक्तिहरुको रोजगारीको सुनिश्चितताको लागि गाउमा सञ्चालित सेवाप्रदायक संस्थाहरुमा प्राथमिकता दिने र उद्यम सञ्चालन गर्न चाहाने अपाङ्गहरुलाई उपयुक्त स्थान उपलब्ध गराउने कार्यमा समन्वय गरिनेछ ।

## ४.७ जेष्ठ नागरिक

- जेष्ठ नागरिकहरुको जीवनयापनलाई सहज र सम्मानित एवम् मर्यादित बनाउन ज्येष्ठ नागरिक क्लबको गठन संगै कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- समाजमा बाबु आमा बोझ हैनन् बृक्ष हुन भन्ने नैतिक धारणा को बिकाश गरीने छ ।
- जेष्ठ नागरिकहरुको सूची तयार गरी उनिहरुको बिज्ञतालाई समाज निर्माणमा उपयोग गर्न र उनिहरुको संरक्षणका लागि एकीकृत सेबा केन्द्र स्थापनाको कार्य अगाडी बढाईने छ ।

## ४.८ एकल महिला,आदिवासी, जनजाति तथा उत्पीडित जाती उत्थान

- सिमान्तकृत तथा लोपोन्मुख जातीको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गर्नुका साथै एकल महिलाको लागी सीप विकास तथा आयमूलक कार्यक्रमहरुमा पहुंच बद्धि गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्बर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।

## ४.९ साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता

- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा जोड दिंदै सुशासन, पारदर्शीता, पर्यटन प्रवर्द्धन र गांउपालिकाले लिएका अग्रसरताहरु वा अभियानहरुको सफल कार्यान्वयनमा सहकार्य गरिनेछ ।

## ५. सार्वजनिक सेवा तथा क्षमता विकास

### ५.१ मानव संसाधन विकास कार्यक्रम

- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्बजनिक निर्माण सम्बन्धि अभिमुखिकरण सञ्चालन गरिने छ ।
- निर्माण क्षेत्रका मजदुरहरुलाई दक्ष बनाउन तालिम प्रदान गरीने छ । बैदेशीक रोजगारीमा गुणस्तरीय जनशक्तिको सुनिश्चिततताका लागि प्राविधिक जनशक्तिको विकास गर्ने कार्यमा सहयोग पुऱ्याईनेछ ।
- स्थानिय स्तरमा लघुउधम लाई प्रबर्द्धन गरी दक्ष स्वरोजगार उत्पादन गर्न कम्तिमा २०० युबालाई तालिम प्रदान गर्ने कार्यक्रम ल्याईने छ ।
- प्रत्येक वडामा कम्तीमा दुई जनालाई सूचना तथा प्रविधि सम्बन्धी तालिम दिई वडागत सूचना सम्प्रेषण गर्न प्रोत्साहन गरिने छ ।

### ५.२ सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन

- गांउ स्तरीय सूचना प्रणाली व्यवस्थित गर्न सुचना अभिलेखालय स्थापना गर्ने कार्य कार्यान्वयनमा ल्याईनेछ ।
- गांउपालिकाका निति कार्यक्रम लगायत महत्वपूर्ण सुचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यमघारा पारदर्शि बनाईने छ ।
- मुख्य बजार क्षेत्रमा सुचनापाटी स्थापना गरिने छ । कार्यालयमा डिजिटल डिस्प्ले सहितको नागरीक बडापत्र सञ्चालनमा ल्याईने छ ।

### ५.३ सामाजिक परिचालन

- समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट पूर्व गठित समूहहरुलाई नै परिचालन गर्ने तथा निस्कृय समूहहरुको पुर्नगठन गरिने छ ।
- समाजिक सशक्तिकरणको वडा वडामा टोल बिकास संस्था गठन गरी समुदायको परिचालन गरिने छ ।

### ५.४ आन्तरिक श्रोत पहिचान एवम् परिचालन

- गाउपालिकाको आन्तरिक राजश्व अभिबृद्धिका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- आन्तरिक स्रोत अभिवृद्धिका लागि करका नयां क्षेत्रहरुको पहिचान, करका दरहरुको समायोजन र संशोधन गर्नुका साथै प्रभाककारी रुपमा कर सङ्कलन गरिनेछ । आन्तरीक कर प्रशासन लाई करदाता मैत्री बनाईने छ ।

## ५.५ अनुगमन तथा सुपरीवेक्षण

- गाउ क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System) को मर्म अनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।

## ५.६ सुशासन एवम् दिगो विकास

- छिटो, छरितो, पारदर्शी एवम् गुणस्तरीय सेवा प्रवाह तथा सामाजिक उत्तरदायित्वलाई सुनिश्चित गर्न सार्वजनिक सुनुवाई, सामाजिक तथा सार्वजनिक परीक्षण लगायतका कार्यलाई अगाडी बढाईने छ ।
- Cross Cutting को रुपमा रहेका सामाजिक सवालहरु जस्तैः समाबेशीकरण, लैङ्गिकता, वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, मानव बेचबिखन र HIV/AIDS सम्बोधन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्थानिय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।
- वेरुजु घटाउने र वेरुजु फछ्र्यौटमा कार्ययोजना निर्माण गरी सोही वमोजिम कार्य गरिनेछ ।
- कर्मचारीहरुका लागी आचारसंहीता तयार गरी लागू गरिने छ ।
- विधिको शासनलाई शिरोधार्य गर्दै क्षेत्राधिकार भित्रका स्थानीय तह सञ्चालन सम्बन्धी कानून, कार्यविधि निर्माण गर्दै लगिने छ ।

सभाध्यक्ष महोदय,

यी तोकिएका कार्य अगाडी बढाउनका लागि कूल रु.४०,६२,८०,०००। (अक्षरुपी चालीस करोड बैसट्ठी लाख असी हजार) को बजेट विनियोजन गरेको छु । जसमा चालु खर्च.२१,४६,६०,०००। (अक्षरुपी एक्काईस करोड छयालीस लाख साठी हजार  र पुँजीगत खर्च १९,१६,२०,०००। (अक्षरुपी उन्नाईस करोड सोह्र लाख बीस हजार) रहेको छ । उक्त विनियोजित खर्च गर्नको लागि नेपाल सरकार वितिय समानिकरणबाट रु.२२,८४,७०,०००। अक्षरुपी बाईस करोड चौरासी लाख सतरी हजार, सशर्त अनुदानबाट १०,९०,४८,०००। (अक्षरुपी दश करोड नब्बेलाख अठ्चालीस हजार) र गतबर्षको बैक मौज्युदा ८२,२०,०००। (अक्षरुपी बयासी लाख बीस हजार) स्रोत प्राप्त भएको छ । सामाजिक सुरक्षा

कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने रु.५,००,००,०००। (अक्षरुपी पाँच करोड मात्र) र आन्तरीक कोषबाट .रु. १,१०,००,०००। (रु.एक करोड दश लाख) अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

उपरोक्तानुसार बजेटको परिधिमा रहि विषयतग तथा क्षेत्रगत रुपमा निम्नानुसार बजेट विनियोजन गरेको छु ।

| | **कूल बजेट तथा विनियोजन** | **विनियोजित रकम रु.हजारमा** |
|---|---|---|
| क. | कूल बजेट | ४०,६२,८० |
| ख. | नेपाल सरकार सशर्त अनुदान | १०,९०,४८ |
| ग. | सामाजीक सुरक्षा अनुदान | ५,००,०० |
| घ. | चालु खर्च | २१,४६,६० |
| ङ. | पुँजिगत खर्च | १९,१६,२० |
| | **विषयगत/क्षेत्रगत** | |
| १ | पूर्वाधार विकास | ११,११,९० |
| २ | सामाजिक विकास | २१,६१,५८ |
| ३ | आर्थिक विकास | २,०९,३९ |
| ४ | बातावरण तथा विपद व्यवस्थापन | १,५६,०० |
| ५ | संस्थागत क्षमता, सुशासन र सेवा प्रवाह | ४,२१,९३ |

सभाध्यक्ष महोदय,

उपरोक्तानुसार विभिन्न विषयगत रुपमा छुट्टिएको बजेट तथा कार्यक्रम अर्न्तगत यसैसाथ संलग्न सूचि बमोजिमका विभिन्न आयोजना तथा कार्यक्रम छनौट तथा बजेट विनियोजन गरेको छु ।

प्रस्तुत कार्यक्रम, योजना तथा बजेट भौगोलिक, प्राकृतिक, जनसांख्यिक, ऐतिहासिक लगायतका दृष्टिकोणले समानुपातिक तथा समावेशी प्रकृतिको रहेको छ । समाजमा पछाडि परेका वर्ग तथा समुदाय, महिला, दलित, अपाङ्ग, आदिवासी जनजाति, मुस्लिम, लोपोन्मुख समुदाय लगायतलाई यस कार्यक्रम तथा बजेटले मध्यनजर गरेकै छ । तथापी विकास निरन्तर चलिरहने प्रक्रिया भएको सिमित स्रोत साधन विच असिमित आवश्यकता रहेको सन्दर्भमा आगामी कार्यक्रम तथा बजेटमार्फत सम्बोधन गर्दै लगिने नै छ । यस बजेट कार्यान्वयनबाट मनहरी गाउँपालिका आर्थिक, सामाजिक, भौतिक रुपले क्रमशः समृद्ध हुदै जाने विश्वास लिएको छु । विनियोजित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी तथा आम जन-समुदायलाई आ-आफ्नो दायित्व तथा भूमिका निर्वाह गरी सहयोग गर्न समेत आब्हान गर्दछु ।

मनहरी गाउँपालिकाको समृद्धिका लागि सहयोग र सद्भाव राख्नुहुने यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था लगायत प्रति हार्दिक आभार व्यक्त गर्दछु । विनियोजित कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्बन्धीत सबैपक्षको सहयोग रहने अपेक्षा गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमाको क्रममाः मार्गनिर्देश गर्नुहुने गाउँकार्यपालिका सदस्यहरुमा आभार प्रकट गर्दछु । साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा,

विकास निरन्तर चलिरहने प्रक्रिया हो । असिमित मानविय तथा सामाजिक आवश्यकता तथा चाहना विच संघीयता कार्यान्वयन पश्चातको पहिलो यस स्थानीय सरकारद्धारा विनियोजित बजेट तथा कार्यक्रमले आर्थिक, सामाजिक विकासका अनेकौ सम्भावना पहिल्याएको सन्दर्भमा सबै एकबद्ध भयौं भने समृद्धि सम्भव देखिन्छ ।

धन्यवाद !

मिति : २०७४/०३/३१

(मनिला विष्ट)
उपाध्यक्ष
मनहरी गाउँपालिका